| कार्यविधि नं. | ०६ |
|---|---|

# माण्डवी गाउँपालिकाका गरिव असाहयका लागि जस्तापातामा अनुदान सम्बन्धि कार्यविधि २०७८

| गाउँकार्यपालिकाबाट स्वीकृत मिति | २०७८/११/२७ |
|---|---|

## माण्डवी गाउँपालिका

## प्यूठान जिल्ला

## लुम्बिनी प्रदेश

## माण्डवी गाउँपालिकाका गरिव असाहयका लागि जस्तापातामा अनुदान सम्बन्धि कार्यविधि २०७८

**कार्यपालिकाबाट स्वीकृत मिति: २०७८/११/२७**

माण्डवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय जस्पुर प्युठानले विगत आर्थिक वर्षहरुमा जस्तापाता वितरणका कार्यक्रम मार्फत करिव ११ सय घरधुरीमा जस्तापाता वितरण गरि नागरिकलाई सुरक्षित बसोबासको व्यबस्था गरेको छ ।गाउँपालिकाले जस्तापाता वितरण कार्यक्रमलाई गाउँपालिकाकै गौरवको आयोजनाको रुपमा संचालन गर्दे आइरहेको सन्दर्भमा आर्थिक वर्ष २०७८।०७९ को हिउदे अधिबेशनमा हालसम्म पनि जस्तापाता लगाउन छुटेका माण्डवी वासिलाई जस्तापाता खरिद गरि लगाउनका लागि अनुदान दिने कार्यक्रमका लागि गाउँसभाबाट बजेट विनियोजन गरेको छ । उत्त कार्यक्रम कार्यान्वयनमा सहजता प्रदान गर्नका लागि यो कार्यविधि वनाइ लागु गरिएको छ ।

यो कार्यविधि गाउँकार्यपालिकाबाट स्विकृत भएपछि लागु हुनेछ ।

### जस्तापाता वितरण सम्बन्धि व्यबस्था

माण्डवी गाउँपालिकाले हिउदे अधिबेशन मार्फत रु १८ लाख वजेटको सुनिश्चित गरेको छ

जस्तापाता प्राप्त गर्ने लाभग्राहि छनौट गर्दा अपनाउने प्रक्रिया

माण्डवी गाउँपालिकाले असहाय गरिवलाई लक्षित गरि जस्तापाता वितरण गर्नेछ,वितरणका लागि निम्न आधारहरु लागु हुनेछन्

क)लाभग्राहि छनौटका लागि ७ दिनको सार्वजनिक सूचना प्रबाह गरिनेछ

ख) सार्वजनिक सूचना मार्फत प्राप्त हुन आएका आबेदन उपर स्थलगत अनुगमन गरि अनुगमन प्रतिबेदन गाउँकार्यपालिकामा पेश गरि छलफल छलफल पश्चात लाभग्राहिको छनौट गरिनेछ

ग) लाभग्राहि छनौट गर्दा हालसम्म गाउँपालिकाबाट जस्तापाता प्राप्त नगरेकालाई प्राथमिकता दिइनेछ

घ) जास्तापाता प्राप्त गर्ने लाभग्राहिले जस्तापाता प्राप्तका लागि वडा कार्यालय मार्फत वा सोझै गाउँपालिकामा आवेदन पेश गर्नु पर्नेछ

ड.)जस्तापाता लगाउनका लागि लाभग्राहिले अनिवार्य रुपमा जस्तापाता लगाउने घरको फोटा पेश गर्नु पर्नेछ

च) लाभग्राहिको छनौट गर्दा गरिव असाहाय तथा घरबार विहिनका लागि प्राथमिकतामा राख्नु पर्नेछ

### जस्तापाता लगाए बापत प्राप्त गर्ने अनुदान रकम तथा प्रकिया

गाउँपालिकाबाट जस्तापाता लगाउनका लागि माण्डवी गाउँकार्यपालिकाबाट छनौट भएका लाभग्राहिहरुले अनुदान रकम प्राप्त गर्न तपशिलका प्रक्रिया पुरा गरेको हुनु पर्दछ,

क) गाउँपालिकाको हिउदे अधिबेशनबाट विनियोजित रु १८ लाख रकमबाट गाउँपालिका भित्रका ३६ परिवारका लागि जम्मा रु ५० हजारका दरले एकमुष्ट अनुदान रकम गाउँपालिकाले उपलब्ध गराउनेछ,

ख) जस्तापाता प्राप्त गर्ने लाभग्रहिको नाम गाउँकार्यपालिकाबाट स्विकृत भएपछि सार्वजनिक सूचना मार्फत जानकारी प्रबाह गरिनेछ

ग) सार्वजनिक सूचना प्राप्त भएको एक हप्ता भित्र लाभग्राहिले वडा कार्यलयको प्राविधिकले तैयार गरेको लागत अनुमान,जग्गाधनि प्रमाणपत्र,कर तिरेको रसिद,वडा कार्यालयको सिफारिस सहित गाउपालिकाको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ,

घ) गाउँपाकिमा लाभग्राहिले सम्झौता गरि सम्झौता गरेको मितिले ३० दिन भित्र जस्तापाता लगाउनु पर्नेछ,

ड.)३० दिन भित्र जस्तापाता नलगाउने लाभग्राहिलाई जस्तापाता बाफतको अनुदान रकम गाउँपालिकाले उपलब्ध गराउने छैन ।

**अनुदान रकम प्राप्त गर्ने विधि**

क) जस्तापाता लगाएका लाभग्राहिले सिभिल बैक माण्डवी शाखामा अनिबार्य रुपमा खाता खोल्नु पर्नेछ ।सम्पुर्ण कारोबार बैक मार्फत मात्र हुनेछ

ख) जस्तापाता लगाएका प्रत्येक लाभग्राहिले रु ५० हजारका दरले अनुदान रकम प्राप्त गर्नेछन । अनुदान प्राप्त गर्दा नेपाल सरकारको नियमानुसार कट्टा गर्नुपर्ने करहरु काटेर मात्र भुक्तानी दिइनेछ ।

ग) लाभग्राहिले जस्तापाता खरिद गरेको भ्याट विल अनिवार्य रुपमा पेश गर्नु पर्नेछ,

घ) रु ५० हजार भन्दा बढि रकम जस्तापाता लगाउन खर्च लागेमा सो रकम स्वयं लाभग्रहिले व्यहोर्नुपर्नेछ,

ड.) सम्झौतामा उल्लेखित समय भित्र जस्तापाता नलगाउने लाभग्राहिले गाउँपालिकामा भुक्तानिका लागि आवेदन दिन सक्ने छैन,

च) जस्तापाता  प्राप्त गरि नलगाउने,थन्काएर राख्ने ,अन्य प्रयोजनका लागि प्रयोग गर्ने वा अन्य व्यक्तिलाई विकि वितरण गरेमा पाइएमा प्राप्त गरेको जस्तापाता गाउँपाालिकाले जफत गरि गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधा समेत रोक्का राखिनेछ,

छ) जस्तापाता प्राप्त गर्ने लाभग्राहिलाई एकैपटक कार्यसम्पन्नका आधारमा भुक्तानी गरिनेछ पेश्किको कुनै प्राबधान राखिएको छैन,

ज) प्राविधिकको कार्यसम्पन्न प्रतिबेदन,वडाकार्यालयको अनुगमन तथा भुक्तानी सिफारिस,विल भर्पाइ,निवेदनका साथमा भुक्तानीका लागि कार्यादेश दिएको समयसिमा भित्र गाउँपालिकामा पेश गर्नुपर्नेछ ,

झ) भुक्तानी प्राप्तका लागि निवेदनका साथमा विभिन्न चरणको तस्विर अनिवार्य पेश गरेको हुनु पर्नेछ,

ञ) लाभग्राहिले प्राप्त गर्ने अनुदानका सम्बन्धमा कहि कतैबाट उजुरि प्राप्त भएमा गाउपालिकाबाट स्थलगत अनुगमन गरि कैफियत देखिएमा प्राप्त गर्ने अनुदान रकम रोक्का गरिनेछ ।

**कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार** : कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

# अनुसूची-१

## माण्डवी गाउँपालिकाका गरिव असहायका लागि जस्तापातामा अनुदान सम्बन्धि सूचना

**माण्डवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जस्पुर, प्यूठान**
**लुम्बिनी प्रदेश, नेपाल**

**प्रथम पटक प्रकाशित मितिः २०७८/..../......**

माण्डवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय जस्पुर प्यूठानले विगत आर्थिक वर्षहरुमा जस्तापाता वितरणका कार्यक्रम मार्फत करिव ११ सय घरधुरीमा जस्तापाता वितरण गरि नागरिकलाई सुरक्षित बसोबासको व्यबस्था गरेको छ ।माण्डवी गाउँपालिकाले जस्तापाता वितरण कार्यक्रमलाई गाउँपालिकाकै गौरवको आयोजनाको रुपमा संचालन गर्दे आइरहेको सन्दर्भमा आर्थिक वर्ष २०७८।०७९ को हिउदे अधिबेशनमा हालसम्म पनि जस्तापाता लगाउन छुटेका माण्डवी वासिलाई जस्तापाता खरिद गरि लगाउनका लागि अनुदान दिने कार्यक्रम स्वीकृत भएकोले सो कार्यक्रमलाई पारदर्शी प्रभावकारी संचालन गर्न **माण्डवी गाउँपालिकाका गरिव असहायका लागि जस्तापातामा अनुदान सम्बन्धि कार्यविधि, २०७८** तयार पारी लागु गरिएको हुँदा उक्त अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक माण्डवी गाउँपालिका भित्र स्थायी बसोबास गर्ने गरिब, असहाय परिवारहरुले तपसिल बमोजिमका कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०७८/...../...... भित्र कार्यालय खुल्ने समय भित्र माण्डवी गाउँपालिका अन्तर्गतका वडा कार्यालय तथा माण्डवी गाउँपालिकाको कार्यालय जस्पुर, प्यूठानमा आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ ।

**आवश्यक कागजातहरु**

१. माग निवेदन पत्र
२. नागरिता प्रमाण पत्रको प्रतिलिपि
३. जग्गाधनि प्रमाण पत्रको प्रतिलिपि
४. यस आर्थिक वर्षको सम्पत्ति कर/मालपोत कर बुझाएको रसिदको प्रतिलिपि
५. यस अघि गाउँपालिकाबाट जस्तापाता/जस्तापात अनुदान नलिएको स्व-घोषणा पत्र
६. जस्तापाता लगाउनको लागि निवेदन दिईएको घरको स्पष्ट देखिने गरि खिचिएको फोटो

## अनुसूची-२
## जस्तापातामा अनुदानका लागि निवेदनको ढाँचा

**मितिः**

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**माण्डवी गाउँ कार्यपालिकाको कार्यालय,**
**जस्पुर, प्यूठान ।**

**विषयः .........................................कार्यक्रम लागि अनुदान रकम उपलब्ध गरि पाउं ।**

**महोदय,**

माण्डवी गाउँपालिकाबाट मिति...........................मा प्रकाशित सूचना अनुसार प्यूठान जिल्ला माण्डवी गाउँपालिका वडा नं.........मा बस्ने म .................................................................. लाई .......................................कार्यक्रमका लागि अनुदान आवश्यक परेकोले उक्त अनुदानमा कार्यक्रममा सहभागी हुन इच्छुक रहेकोले वडा कार्यालयको निर्णयको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, जग्गा धनि प्रमाण-पत्र, घरको फोटो, स्व-घोषणा पत्र, सम्पत्ति कर/मालपोत कर बुझाएको रसिदको प्रतिलिपि, प्राविधिक लागत अनुमान र अन्य आवश्यक कागजात तथा अनुसूचीमा संलग्न फराम भरि यो निवेदन पेश छु । मैले यस कार्यक्रम अन्तर्गत अपनाउनुपर्ने नीति र कार्यविधहरु सम्पूर्ण रुपमा वुझेको छु र त्यसै अनुसार पूर्ण रुपमा सहमत छु ।

**निवेदक**

नाम :

हस्ताक्षरः

सम्पर्क नं.

मितिः

# अनुसूची-३

## स्व-घोषणा पत्र

माण्डवी गाउँपालिकाको मिति..........................सूचना अनुसार .................................. वडा नं.....गाउँ/टोल ................मा बस्ने ............को नाती/नातिनी...................को छोरा/छोरी/बुहारी म ..................................... ले माण्डवी गाउँपालिकाका गरिब असहायका लागि जस्तापातामा अनुदान सम्बन्धि कार्यक्रममा सहभागिताको लागि इच्छुक भई आवेदन पेश गरेको छु ।उक्त जस्तापाता अनुदान सम्बन्धि कार्यक्रममा हालसम्म सहभागी नभएको र जस्तापात/जस्तापातामा अनुदान समेद नलिएको प्रतिबद्धता व्यक्त गर्दछु । अन्यथा प्रचलित कानुन बमोजिम सहुला बुझाउला ।

**आवेदकको तर्फबाट**

नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

| दायाँ | बायाँ |
|---|---|

अनुसुचि ४

## कबुलियतनामा

माण्डवी गाउपालिका .......वडा कार्यालय, ..................( जसलाई यस पछि प्रथम पक्ष भनिन्छ ) र श्री ..........................................माण्डवी गा.पा.वडा नं..... साविक ......गा.वि.स......नं वडा ..........टोल वस्ने ( जसलाई यस पछि दोश्रो पक्ष भनिने छ ) दुवै विच निम्न शर्तहरुको पुर्ण रुपमा पालना गर्ने गरि माण्डवी गाउँपालिकाको वडा नं कार्यालय ..............................वसि निम्न शर्तहरु पालना गर्ने गरी दुवै पक्ष मन्जुर भई यो कवुलियतनामा पत्र सही गरी दियौं, लियौं ।

१) पहिलो पक्षले दोस्रो पक्षलाई प्राविधिक लागत अनुमान बमोजिमको जस्तापाता र प्लेनसिट उपलब्ध गराउने छ ।

२) दोस्रो पक्षले अनिवार्यरपमा वडा कार्यालयको प्राथामिकिकरण तथा स्विकृत निर्णयको सिफारिस प्रतिलिपि र नागरिकताको प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ ।

३) दोस्रो पक्षको लागि पहिलो पक्षले एक घरको लागि मात्र जस्ता पाता उपल्बध गराउने छ यदि कुनै कारणवस एकै व्यात्तिले फरक विवरण पेश गरि दुइ पटक जस्तापाता लगेमा त्यस कुराको जानकारी प्राप्त भएमा सोही व्यत्तिले आफ्नै खर्चमा सम्बन्धीत वडा कार्यालयमा जस्तापाता फिर्ता गर्नुपर्ने छ ।

४) माथि बुदा नं. ३ मा जुन सुकै कुरा लेखिएको भएता पनि यदि कुनै व्यत्तिको दुइवटा घर भएमा दुबै घरमा खरको छाना भएमा दुवै घरको लागि जस्तापाता वितरणको प्राथमिकिकरणको अन्त्यमा राखि उपलब्ध गराइने छ । तर गोठ लागि जस्तापाता उपलब्ध गराइने छैन तर गोठ सँग जोडिएको घर भएमा सामान्यतया १८ हात लम्बाइ सम्मको लागि मात्र जस्तापाता उपलब्ध गराइने छ ।

५) पहिलो पक्षबाट उपलब्ध गारइएको जस्तापाताको सुरक्षा गर्ने जिम्मेवारी दोस्रो पक्षको हुनेछ भने यसरी प्राप्त गरेको जस्तापाताबाट अनिवार्य रुपमा प्राप्त गारेको मिति देखि २ महिना भित्र छाना छाइसक्नु पर्ने छ यदि सो अवधि सम्म पनि छाना नछाएमा स्वयं दोस्रो पक्षलेनै ढुवानी खर्च व्यहोरी वडा कार्यालयमा जस्तापाता फिर्ता गर्नु पर्ने छ । यसरी फिर्ता भए पश्चात पुनः जस्तापाता उपलब्ध गराइने छैन ।

६) जस्तापाताको ढुवानी वडा कार्यालयहरु सम्म माण्डवी गाउँपालिकाले गर्नेछ भने वडा कार्यालय देखि लाभग्राहिको घर सम्मको ढुवानी स्वयं व्यत्तिले गर्नुपर्ने छ ।

७) कार्यालयले दिने जस्तापाता र प्लेन सिट बाहेक घर छाउन प्रयोग हुने सामाग्रीहरु (किला,काटि,काठ, र अन्य आवश्यक सामाग्रि ) स्वयं लाभग्राहिले व्यहोर्नु पर्ने छ ।

८) जस्तापाता प्रयोग गर्दा वा ओसार प्रसार गर्दा कुनै दुर्घटना हुन गएमा स्वयं व्यत्ति नै जिम्मेवार हुनेछ ।

९) जस्तापाता प्राप्त गर्ने व्यत्ति वा परिवारले प्राप्त गरेको जस्तापाता घर छाउने प्रयोजन बाहेक अन्य कार्यका लागि उपयोग गर्न पाउने छैन ।

१०)जस्तापाता प्राप्त गर्ने व्यत्ति वा परिवारले जस्तापाता पाउने निवेदनका साथ खरको छाना स्पष्ट देखिने वा घर छाउन बाकि रहेको घरको फोटो अनिवार्य राख्नु पर्ने छ ।

उपरोक्त बमोजिम गर्न गराउन हामी दुवै पक्षको मञ्जुरी छ ।

लाभग्राहिको तर्फबाट

घरमुली/प्रतिनिधिको नाम :

दस्तखत :-

मिति :

साक्षी

श्री ................................वडा सचिव

श्री..................................वडा प्राविधिक साहायक

कार्यालयको तर्फबाट

कार्यालय :-वडा कार्यालय

नाम :

पदः- वडा अध्यक्ष

मिति :-

दस्तखत :-

कार्यालय छाप :-